आज मिति २०७९ साल माघ २९ गतेका दिन यस बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा बैठक वसी तपशिल बमोजिमको प्रस्तावहरु माथी छलफल गरी निम्न निर्णयहरु पारित गरियो ।

**उपस्थितीहरु**

| | | |
|---|---|---|
| १. श्री वीर बहादुर गिरी | अध्यक्ष | हस्तक्षर |
| २. श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३. श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका | |
| ४. श्री वीर बहादुर घर्ति | सदस्य गाउँ कार्यपालिका | |
| ५. श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ६. श्री श्री बिष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका | |
| ७. श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका | |
| ८. श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका | |
| ९. श्री बिशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| १०. श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ११. श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| १२. श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १३. श्री दीपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १४. श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १५. श्री विष्णु वि.क. | सदस्य गाउँ कार्यपालिका | |
| १६. श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १७. श्री कमला कामी | सदस्य गाउँकार्यपालिका | |
| १८. श्री मोहन प्रकाश गिरी | सदस्य सचिब गाउँ कार्यपालिका | |

बारेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

२०७९/१०/२९

प्रस्ताव तथा निर्णयहरु :

१) गत बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा

२) जग्गा वर्गीकरण सम्बन्धमा।

३) गोठालो भत्ता वितरण सम्बन्धमा ।

४) सामाजिक सुरक्षा भत्ता विदुर  भत्ता सम्बन्धमा।

५) बैकल्पिक बाटो निर्माण सम्बन्धमा।

६) समपुरक सम्बन्धमा ।

७) बजेट व्यवस्थापन सम्बन्धमा ।

८) विद्यान सभा संचालन सम्बन्धमा।

९) आकस्मिक उपचार कोष कार्यविधि सम्बन्धमा।

१०) आर्थिक सहयोग सम्बन्धमा ।

११) कार्यसम्पादन मुल्याँकन गरी करार कर्मचारीहरुको स्याद थप सम्बन्धमा।

१२) गुनासो व्यवस्थापन अधिकारी सम्बन्धमा ।

१३) बजार अनुगमण सम्बन्धमा।

१४) उपचारको लागि छानवीन समिति गठन सम्बन्धमा ।

१५) छानविन समिति गठन सम्बन्धमा।

१६) प्रधानमन्त्री रोजगार कार्याक्रमको रकमान्नतर सम्बन्धमा।

१७) समाधिक स्थल तोक्ने सम्बन्धमा।

१८) बिज्ञापन गर्ने सम्बन्धमा।

१९) ठेक्काको स्याद थप गर्ने सम्बन्धमा।

२०) रकमान्नतर सम्बन्धमा।

२१) विपद व्यवस्थापन शिर्षकबाट राहत उपलब्ध गराउने सम्बन्धमा ।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित ।

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँकार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

२०७९/१०/२९

निर्णय नं. १

मिति २०७९ साल पौष २४ गतेका दिन बसेको कार्यपालिकाको बैठकमा जम्मा २३ वटा निर्णय भएकोमा जम्मा १९ वटा निर्णयहरु कार्यन्वयन भइसकेको र बाँकी निर्णयहरु कार्यन्वनको चरणमा रहेको हुँदा सो बाँकी रहेको निर्णयहरु छिटो भन्दा छिटो कार्यन्वयन गर्ने गरी समिक्षा गरियो ।

निर्णय नं २

नेपाल सरकारले लागु गरेको भू उपयोग निती अनुसार जग्गा वर्गीकरण गर्ने सम्बन्धी वडा कार्यालयहरुलाई कार्यालयले विभिन्न समयमा पत्राचार गरिएकोमा हाल सम्ममा कुनै पनि वडा कार्यालयले वर्गीकरण गरी सोको लिखित जानकारी कार्यालयमा प्राप्त नभएको र कुनै वडा कार्यालयहरुले वर्गीकरण गर्न नसक्ने भनी लिखित पत्र नै कार्यालयमा प्राप्त भएको हुँदा पुन नापी कार्यालय र जिल्ला मालपोत कार्यालय जाजरकोटसँग समन्वय गर्ने र अन्य स्थानीय तहहरु संग समन्वय गरी अर्को कार्यापालिको बैठकमा आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं ३

आर्थिक बर्ष २०७९।८० बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई आकर्षित गर्नका लागि गोठालो भत्ता वितरण गर्न वजेट विनियोन भइसकेको र गोठालो भत्ता वितरण गर्न बनेको कार्यविधि २०७९ बमोजिम ७ वटा भैसी र १०० वटा बाख्रा पालेक कृषकहरुलाई प्रोत्सहान भत्ता बापत प्रति कृषकहरुलाई प्रति बर्ष ३००० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४

आर्थिक बर्ष २०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम ४० बर्ष देखि ५९ बर्ष उमेर समुहका जीवन संगिनी गुमाएका एकल पुरुष तथा अविवाहित पुरुषहरुलाई बार्षिक रु ३००० हजारको दरले विदुर भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

आधारभुत अस्पताल लिम्साको १५ सैया भवन निर्माण गर्नका लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भइसकेको हुँदा भवनको जग खन्ने क्रममा हाल संचालनमा रहेको सडक अवरुद्द हुने सम्भावन देखिएकाद्ये उक्त सडकलाई नियमित संचालन गर्न बैकल्पिक बाटो निर्माण गर्नु पर्ने भएको हुँदा आवश्यक बजेटको व्यवस्था गरी प्राविधिक स्टीमेटका आधारमा सडक निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ६

स्वास्थ्य चौकी सेपुखोला र स्वास्थ्य चौकी रामीडाँडाको लागि स्वास्छता परियोजनाबाट खानेपानी निर्माण तथा शौचालय मर्मत गर्ने भएकाले स्थानीय तहले व्यहोर्ने १७ प्रतिशत समपुरक रकम व्यवस्था गरी उपलब्ध गराउने निर्णय गरियो ।

गाउँ कार्यपालिका
निर्णय पुस्तिका

मोहन प्रकाश ... 
प्रमुख प्रशासकीय अधिकृत

नलगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

२०७९/१०/२९

निर्णय नं ७

बारेकोट गाउँपालिका वडा नं ८ को छिरीखोला घोरेटोबाटो असजिलो भइ आवतजावतमा समेत समस्य भएको हुदा उक्त बाटो निर्माण गर्नु पर्ने भएकाले आवश्यक बजेट व्यवस्था गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ८

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार प्रत्येक आर्थिक वर्षमा विद्यान सभा संचालन गर्नु पर्ने व्यवस्था भएको हुदा यस आर्थिक बर्षको विद्यान सभा मिति २०७९ साल फाल्गुन मसन्त भित्र गर्ने नर्णय गरियो ।

निर्णय नं ९

यस कार्यालयको लागि आवश्यक विपन्न नगरिक आकास्मिक उपचार कोष कार्यविधि २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १०

आकास्मिक उपचार कोष कार्यविधि २०७९ अनुसार बारेकोट गाउँपालिका भित्रबाट प्राप्त भएका निबेदन अनुसार गम्भीर प्रकृतिका तपशिल बमोजिमका विरामीहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिल

| सि न | नाम थर | ठेगाना | आर्थिक सहयोग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेम बहादुर गिरी | बारेकोट १ | ५० हजार | प्यारालाइसिस |
| २ | हरि बहादुर दमाई | बारेकोट २ | ५० हजार | प्यारालाइसिस |
| ३ | विजसरी कामी | बारेकोट ४ | ३० हजार | पाठेघर क्यान्सर |
| ४ | प्रदिव कामी | बारकोट २ | ३० हजार | प्यारालाइसिस |
| ५ | नैने कामी | बारेकोट ३ | ३० हजार | क्यान्सर |
| ६ | प्रकाश ज्योती | बारेकोट १ | ५० हजार | क्यान्सर |
| ७ | नरजीत भण्डारी | बारेकोट ८ | ३० हजार | क्यान्सर |
| ८ | कमला सिंह | बारेकोट ५ | ३० हजार | पाठेघर |
| ९ | राधिका उपाध्यया | बारेकोट ४ | ३० हजार | क्यान्सर |
| १० | मन कुमारी सिंह | बारेकोट ७ | ३० हजार | मट्टुरोग |
| ११ | शक्ति प्रसाद गौतम | बारेकोट ९ | ३० हजार | ब्रेनट्युमर |
| १२ | धनकली विटालु | बारेकोट २ | ५० हजार | पाठ्यघर |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

२०७९/१०/२९

निर्णय नं ११

यस बारेकोट गाउँपालिका तथा गाउँपालिका अन्तरगतका विषयगत शाखाहरु पशुपंक्षी विकास शाखा कृषि विकास शाखा स्वास्थ्य तथा सरसफाइ शाखामा करारमा कार्यरत कर्मचारीहरुको प्रमुख प्रशासकीय अधिकृतले कार्यसम्पादन मुल्याँकन गरी मिति २०८० साल असार मसन्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं १२

हरेक कार्यालयमा एक जना गुनासो अधिकारीको आवश्यक पर्ने भएकाले यस बारेकोट गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाको बारेमा प्राप्त हुने गुनासो सुनुवाइ गर्नका लागि गुनासो सुनुवाई अधिकारीको रुपमा प्रशासन अधिकृत श्री श्रम बहादुर सिंहलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं १३

यस बारेकोट गाउँपालिका भित्रका बजारहरुमा म्याद समाप्त भएका दैनिक उपभोग्य वस्तु तथा औषधीहरु भित्रिएको व्यापक जनगुनासो प्राप्त भएकाले सो कार्यलाई प्रतिबन्द गर्न उपाध्यक्ष ज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिले नियमित अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं १४

पालिका भित्रमा विभिन्न समयमा आएको दैविक प्रकोपले गर्दा घर जग्गाको क्षेती भएको प्रहरी मुचुल्का सहितको निबेदन प्राप्त भएको हुदा उक्त निबेदनहरुको अध्ययन गरी राहत उपलब्ध गराउनका लागि तपशिल बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १) मोहन प्रकाश गिरी | संयोजक |
| २) श्रम बहादुर सिंह | सदस्य |
| ३ राम बहादुर रोकाय | सदस्य |
| ४ खगेन्द्र बहादुर बोहरा | सदस्य |
| ५ केशव श्रेष्ठ | सदस्य |

निर्णय नं १५

बारेकोट गाउँपालिका वडा नं ४ मा सामाजिक सुरक्षा भत्त वितरणको बिषयमा वडा अध्यक्ष र श्री जगत आधारभुत विदुयालय मैनमा पालिकाको दरबन्दीमा कार्यरत शिक्षक श्री नन्दलाल बस्नेत बीच दुर्गी कामीले पाउनु पर्ने सामाजिक सुरक्षा भत्ताको बिषयमा सामाजिक सञ्जालमा बादविबाद बढेकाले सो

२०७९/१०/२९

विषयमा छानविन गरी सत्य तथ्य प्रतिबेदन १५ दिन भित्र पेश गर्न तपशिल बमोजिमको छान विन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१ श्री दील बहादुर नेपाली कार्यपालिका सदस्य संयोजक

२ श्री राम बहादुर मल्ल शिक्षा अधिकृत सदस्य

३ श्री राजेन्द्र बहादुर सिंह एम आइ एस अपरेटर सदस्य

निर्णय नं १६

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत बारेकोट गाउँपालिका वडा नं १ बाट भगती मन्दिर देखि धौलाकाट सम्म सडक निर्माणको रकम ८००२०२ रकम सामुदायक स्वास्थ्य इकाइ धौलाकोटको भवन र शौचालय निर्माण गर्न रकमान्नतर गर्ने निर्णय गरियो ।

निर्णय नं १७

बारेकोट गाउँपालिका वडा नं २ का कृषण समुदायबाट समाधिक स्थल तोकिपाउँ भनी निबेदन प्राप्त भएकाले उपयुक्त स्थानको खोजी गरी सो स्थानको सिफारिस गर्नका लागि वडा नं २ का वडाअध्यक्ष श्री वीर बहादुर घर्तीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १८

यस बारेकोट गाउँपालिका वडा नं ३ मा रहेको आधरभुत स्वास्थ्य केन्द्र मुल्साम र सामुदायिक स्वास्थ्य इकाई कठ्ठरमा दरबन्दी रिक्त रही सेवा प्रवाहमा समेत समस्य भएको हुँदा उक्त रिक्त रहेको दरबन्दीको पदपुर्ति गर्नका लागि १५ दिने बिज्ञापन गरी पदपुर्ति गर्ने नर्णय गरियो ।

निर्णय नं १९

यस बारेकोट गाउँपालिका वडा नं ५ मा रहेको सिलिङ्गीचौर स्वास्थ्य चौकी भवन नायकवाडाको ठेक्का नं EGP/NCB/11/76/77 मिति २०७६।०८।१५ गतेका दिन यस कार्यालय र निशान निर्माण सेवा वीच सम्झौता भई मिति २०७९।०३।१५ गते भत्र भवन निर्माण गरी सक्ने भनिएकोमा सो समयसम्म करिव ८५ प्रतिशत मात्र सम्पन्न भएको हुँदा पुन म्याद थप गरी पाउँ भनी निर्माणकर्ता कम्पनीले निबेदन दिनु भएकाले कार्यालयलाई आर्थिक भार नपर्ने गरी र यस पछि कुनै पनि अतिरिक्त समय नथप्ने गरी सम्झौता समाप्त भएको मितिले ९ नौ महिना अर्थात मिति २०७९।१२।२९ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

निर्णय नं २०

यस कार्यालयको लागि केही रकम रकमान्नतर गरी आवश्यक पर्ने योजना तथा अन्य शिर्षकमा खर्च गर्नु पर्ने भएकाले तपशिल बमोजिमको शिर्षकमा रकमान्नतर गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | विनियोजन गरिएको शिर्षक | रकम रु | रकमान्नतर गरिएको योजना | रकम रु |
|---|---|---|---|---|
| १ | स्नातक पठन पाठनका लागि क्याम्पस स्थापना | १४०००००। | बारेकोट भवन पार्किङ्ग स्थल गेट निर्माण बारेकोट २ | ५००००० |
| | | | अस्पतालको ऐम्बुलेन्स पार्कङ्ग निर्माण मुल्याँकनको आधारमा नपुग रकम भुक्तानी | २५०००। |
| | | | कार्कीज्यूला पुल मर्मत | २०००० |
| | | | बन्डाला बिद्यालय जाने बाटो मर्मत | ८५०००। |
| | | | शिर्ष घुवा र दल्ला गोरेटो बाटो मर्मत | ६००००। |
| | प्रशासनीक शिर्षक अन्तगत | | | |
| | कर्मचारी तालिम | ४०००००। | घरभाडा | २०००००। |
| | | | पालिकामा संचालन हुने विभिन्न परिक्षा संचालन | २०००००। |

निर्णय नं २१

यस बर्षको अविरल बर्षाको कारण पहिरोमा घर पुर्णरुपमा क्षति भएका वडा नं ८ का श्री दील बहादुर रावललाई विपद व्यवस्थापन कोषबाट रु ५००००।राहत रकम उपलब्ध गाउने निर्णय गरियो ।

निर्यण नं २१

आर्थकि बर्ष २०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नमुना विद्यालय विकास कार्यक्रमको तपशिल बमोजिमका सामाग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

तपिशल

| क्र. स | क्रियाकलापको नाम | इकाई | संख्य | दर | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास | वटा | ९ | ६००००० | ५४००००० | |
| २ | टकिङ्ग टिचर बुक सेट तथा विद्यार्थी बुक सेट | वटा | ९ | ११२००० | १००८००० | |
| ३ | शैक्षिक सामाग्री खरिद | पटक | १ | १०००००० | १०००००० | |
| ४ | हस्तलेखन सीप विकास तालिम | पटक | १ | २४७००० | २४७००० | |
| ५ | बालविकास सहजकर्ताहरुलाई तालिम | पटक | १ | ३००००० | ३००००० | |
| ६ | कार्यक्रमको अनुगमन तथा निरीक्षण | पटक | ९ | ५००० | ४५००० | |
| | जम्म | | | | ८००००००। | |